


# सामाजिक सञ्जालको सञ्चालन, प्रयोग तथा नियमन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०८१

## संक्षिप्त विश्लेषण पत्र

असार २०८२

Digital Rights Nepal

## लेखन तथा सम्पादन

अधिवक्ता सन्तोष सिग्देल

## लेखन सहयोगी

सौरभ भट्टराई
अधिवक्ता सन्जिना क्षेत्री
अधिवक्ता सदिच्छा सिलवाल

## प्रकाशक

डिजिटल अधिकार नेपाल (Digital Rights Nepal)
असार २०८२ (जुलाई २०२५)

## प्रतिलिपि अधिकार

यो प्रकाशन Creative Commons Attribution ३.० Unported License -CC BY ३.०) इजाजत पत्र अन्तर्गत प्रकाशन गरिएको छ । मूल लेखक तथा प्रकाशकलाई श्रेय दिई यस प्रकाशनलाई साझा गर्न, प्रतिलिपि गर्न, वितरण गर्न र प्रसारण गर्न तपाईँ स्वतन्त्र हुनुहुन्छ ।



# पृष्ठभूमि

२०८१ माघ १५ गते राष्ट्रियसभामा दर्ता भएको सामाजिक सञ्जालको सञ्चालन, प्रयोग तथा नियमन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८१, सञ्चार तथा सूचना प्रविधि मन्त्री पृथ्वीसुब्बा गुरुङबाट माघ २७ गते राष्ट्रिय सभाको बैठकमा पेस भएको छ। यो विधेयक गत माघ ७ गते मन्त्रिपरिषद्ले संसदमा प्रस्तुत गर्ने भनी निर्णय गरेको थियो।

यसअघि २०८० पुष १२ गते सूचना तथा सञ्चार मन्त्रालयले मस्यौदा विधेयक मन्त्रालयको वेबसाइटमा सार्वजनिक गर्दै सरोकारवालाहरूबाट सुझाव समेत आह्वान गरेको थियो। डिजिटल राइट्स नेपालले नेपालको संविधान, अन्तर्राष्ट्रिय मानव अधिकार कानुन, सिद्धान्त तथा मापदण्डहरूका आधारमा उक्त मस्यौदा विधेयकको विश्लेषण गरी विधेयकमा सुधारका सिफारिसहरू समेत समेटिएको विश्लेषणपत्र सम्बन्धित मन्त्रालयमा बुझाएको थियो। सरकारबाट हाल राष्ट्रिय सभामा दर्ता भएको विधेयकमा डिजिटल राइट्स नेपालबाट दिइएका केही सुझावहरू समेटिएका छन् भने केही प्रावधानहरूमा कुनै सुधार भएको छैन। साथै सरकारले प्रस्तुत विधेयकमा केही नयाा प्रावधानहरू समेत राखेको छ।

नेपाल सरकारद्वारा प्रस्तावित सामाजिक सञ्जाल विधेयक २०८१ ले समेटेका विषयवस्तु नागरिकको विचार तथा अभिव्यक्ति स्वतन्त्रता, सूचनाको हक, सामाजिक सञ्जाल प्लेटफर्महरूको उत्तरदायित्व तथा जवाफदेहिता, इन्टरनेट तथा इन्टरनेट सामग्रीमा पहुँच जस्ता महत्त्वपूर्ण विषयहरूसँग सम्बन्धित रहेको छन्। विधेयकमा रहेको सामाजिक सञ्जाल सामग्रीसम्बन्धी अस्पष्ट निषेधात्मक व्यवस्था, फौजदारी गाली बेइज्जती सम्बन्धी व्यवस्था, प्लेटफर्म दर्ता सम्बन्धी व्यवस्था, प्लेटफर्मले पालना गर्नुपर्ने केही सर्तहरू, सामाजिक सञ्जालबाट सामग्री हटाउने सम्बन्धी व्यवस्था एवम् बेनामी वा छद्मभेषी पहिचानको अपराधिकरणसम्बन्धी व्यवस्थाले मूलभूत रूपमा विचार तथा अभिव्यक्ति स्वतन्त्रता, गोपनीयताको अधिकार, सूचनाको हक, सञ्चारको हक समेतमा असर पार्ने देखिन्छ।

यस सन्दर्भमा, यस संक्षिप्त विश्लेषण पत्रमा विधेयकका केही मुख्य प्रावधानहरूको विश्लेषण गरी सामाजिक सञ्जाल विधेयकमा सुधार गरिनुपर्ने पक्षहरूलाई स्पष्ट पार्दै सामाजिक सञ्जालको नियमनलाई संविधान र मानव अधिकारको सिद्धान्त अनुकूल बनाउन सुधारका उपायहरू समेत सुझावका रूपमा प्रस्तुत गरिएको छ।

## समस्याजनक प्रावधानहरु

### १. अभिव्यक्ति स्वतन्त्रतामा गम्भीर निषेधसम्बन्धी व्यवस्थाहरु

विधेयकको परिच्छेद-४ अन्तर्गत अनुमति प्राप्त व्यक्ति वा सामाजिक सञ्जाल प्रयोगकर्ताले पालना गर्नु पर्ने "सर्तहरू" को व्यवस्था गरिएको छ। यस परिच्छेद अन्तर्गतका दफाहरूमा उल्लिखित सामाजिक सञ्जालमा पोष्ट गर्न, प्रकाशन गर्न तथा प्रसारण गर्न निषेध गरिएका धेरैजसो प्रकारका सामग्रीलाई या त ज्यादै व्यापक, अस्पष्ट, कमजोर रूपमा परिभाषित गरिएको छ या परिभाषा नै दिइएको छैन, जसबाट उक्त प्रावधानहरूको दुरुपयोग तथा अभिव्यक्ति स्वतन्त्रताको उल्लङ्घन हुने सम्भावना रहन्छ।

#### अनलाइन सामग्रीसम्बन्धी व्यापक, दुबिधाजनक र अस्पष्ट व्यवस्था

यस विधेयकको दफा १६ (१) (क) मा कसैको मान प्रतिष्ठामा आँच पुग्ने र होच्याउने नियतले अपमानजनक शब्द, श्रव्यदृष्य, तस्बिर, ट्रोल बनाई घृणायुक्त अभिव्यक्ति, गाली बेइज्जती वा हेट स्पीच मानिने कार्य लाई निषेध गरेको छ। "अपमानजनक शब्द", "होच्याउने", "ट्रोल" जस्ता शब्दहरू निकै व्यापक, अस्पष्ट र खुला शब्द हुन्, जसले सरकारलाई नागरिकको वैयक्तिक स्वतन्त्रतालाई सङ्कुचित गर्नका लागि स्वेच्छाचारी अधिकार प्रदान गर्छ। यस प्रावधानले नागरिकले वैध रूपमा सामाजिक सञ्जालमा अभिव्यक्त गरेको वैध आलोचना, हास्य, व्यङ्ग लगायतका विचार तथा अभिव्यक्तिहरूलाई आपत्तिजनक वा अपमानजनक शब्दको रूपमा व्याख्या गर्न सकिने जोखिम रहेको छ।

#### मिथ्या सूचना, भ्रामक सूचना, दुष्प्रचार, सूचना तोडमरोड सम्बन्धी व्यवस्था

विधेयकको दफा १६ (१) (ख) ले 'मिथ्या सूचना, भ्रामक सूचना, दुष्प्रचार, सूचना तोडमरोड गरी प्रकाशन वा प्रसारण नगर्ने' व्यवस्था गरेको छ, तर यस प्रावधानले समस्याजनक सूचना सम्प्रेषणलाई निरुत्साहित गर्ने सीमा पार गरेर नागरिकको अभिव्यक्तिको स्वतन्त्रतामै खतरा उत्पन्न गर्छ। साथै यस व्यवस्थाले आमसञ्चार माध्यमले प्रकाशन गरेका आलोचनात्मक टिप्पणी वा समाचारलाई मिथ्या, भ्रामक वा दुष्प्रचार भनी रोक लगाउन सक्ने व्यवस्था गरेको छ।

त्यस्तै, दफा २५ (१) ले कसैले सामाजिक सञ्जालको प्रयोग गरी अश्लील शब्द, तस्बिर, सङ्केत, भिडियो, अडियो, मिथ्या वा भ्रामक सूचना प्रसार गर्न, त्यस्तो सूचनाको दुष्प्रचार वा तोडमरोड वा कमेन्ट गरी प्रसार गर्न नहुने र यदि कसैले गरेको सोही दफाको उपदफा (२) बमोजिम कसुर गर्नेलाई दुई वर्षसम्म कैद सजाय वा तीन लाख रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुने व्यवस्था गरेको छ।

'मिथ्या' र 'भ्रामक' सूचना के हो भन्ने परिभाषित नै नगरेको अवस्थामा 'मिथ्या' र 'भ्रामक' सूचना सम्प्रेषणलाई अपराधीकरण गरिँदा यो प्रावधान सरकार वा सत्तामा रहेका व्यक्तिहरूको स्वेच्छाचारिताको औजार बन्न सक्छ । विश्वव्यापी उदाहरणहरू हेर्ने हो भने यस्ता कानुनी प्रावधानहरू अक्सर सत्ता विरोधी विचारलाई दबाउन प्रयोग गरिन्छन्, जसले लोकतान्त्रिक मूल्यमान्यतामा गम्भीर प्रहार गर्छ ।

साथै, 'मिथ्या' वा 'भ्रामक' भन्दै सूचनालाई पूर्ण रूपमा निषेध गरी नियन्त्रण गर्ने प्रयासले झन् बढी अविश्वास र सन्देहको वातावरण सिर्जना गर्छ । नागरिकलाई सत्य तथ्य छुट्टाउने अवसर नदिई, सरकारलाई सत्यको एक मात्र परिभाषक र सरकारी सूचनालाई मात्र 'सत्य तथ्य' बनाइदिँदा स्वतन्त्र सञ्चारमाध्यम र नागरिक बहस खतरामा पर्छ । यसको सट्टा, गलत सूचना नियन्त्रणका लागि पारदर्शी, प्रमाणमा आधारित र लोकतान्त्रिक उपायहरू अवलम्बन गर्नु आवश्यक छ, जसले नागरिक अधिकारको संरक्षण गर्दै जिम्मेवारीयुक्त सञ्चार प्रवर्द्धन गर्छ ।

## पोष्ट, सेयर, लाइक, रिपोष्ट, लाइभ ब्रोडकास्ट, ट्याग, मेन्सन आदि सम्बन्धी व्यवस्था

दफा १६ (२) ले उपदफा (१) विपरीतको कार्यलाई गलत मनसायले सामाजिक सञ्जालमा पोष्ट, सेयर, लाइक, रिपोष्ट, लाइभ स्ट्रिमिङ, सब्सक्राइब, कमेन्ट, ट्याग, ह्यासट्याग वा मेन्सन गर्न हुँदैन भन्ने व्यवस्था गरेको छ । यस प्रावधानमा 'गलत मनसाय' भनेको के हो, त्यसलाई कसरी स्थापित गरिन्छ भन्ने बारेमा कुनै स्पष्टता छैन ।

यस प्रावधानले सामाजिक सञ्जाल (उदाहरणका लागि फेसबुक) मा केवल लाइक गर्ने वा कमेन्ट गर्ने जस्ता सामान्य प्रयोगकर्ताहरूलाई समेत कानुनी कारबाहीको डर पैदा गर्दै अनलाइन अभिव्यक्तिमा भयको वातावरण सिर्जना गर्ने खतरा रहन्छ ।

यस प्रावधानमा पोष्ट गर्ने व्यक्ती तथा त्यसमा सेयर, लाइक, रिपोष्ट, लाइभ स्ट्रिम, कमेन्ट, ट्याग, ह्यासट्याग वा मेन्सन गर्ने व्यक्तिलाई एकै सजायको व्यवस्था गरिएको छ । सामग्रीको उत्पादनकर्ता र अन्य प्रयोगकर्ताको जिम्मेवारी एकै किसिमको हुन सक्दैन ।

व्यवहारिक रूपमा यो प्रावधान कार्यान्वयन गर्न कतिको सहज हुनेछ भन्ने बारेमा पनि विधायिकाले ध्यान दिनुपर्छ । उदाहरणका लागि, मानौं समस्याजनक देखिएको कुनै पोस्टमा तीन लाख जनाले लाइक गरेका छन् भने तीन लाख जनालाई मुद्दा चलाउन, सजाय गर्न र कैदमा राख्न सम्भव हुन्छ वा हुँदैन भन्ने बारेमा पनि ध्यान पुऱ्याउनुपर्छ ।

यस प्रावधानमा प्रयोगकर्तालाई सचेत गराउने लगायतका कुनै पनि सुधारात्मक कदमका बारेमा उल्लेख गरिएको छैन ।

साथै, प्रस्तावित कानुनी सजाय (पाँच लाख रुपैयाँसम्म जरिवाना) सामान्य अनलाइन गतिविधिहरूका लागि अनुपयुक्त र असमानुपातिक देखिन्छ ।

## बीभत्स तस्बिर वा भिडियोसम्बन्धी व्यवस्था

विधेयकको दफा २४ मा कसैले सामाजिक सञ्जालमा बीभत्स तस्बिर वा भिडियो पोष्ट वा सेयर गर्नु हुँदैन भन्ने व्यवस्था गरिएको छ । कुनै चित्र "बीभत्स" छ कि छैन भन्ने कुरा व्यक्तिपरक र व्याख्याका लागि खुला विषय हो । सो कसुर गर्नेलाई तीन महिनासम्म कैद वा पचास हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय तोकिएको छ ।

त्यस्तै प्राकृतिक प्रकोप, दुर्घटना जस्ता सूचना सम्प्रेषण गर्दा त्यस्तो घटना दुर्घटनाको तस्बिर वा भिडियो बीभत्स किसिमको हुन सक्ने हुँदा यस प्रस्तावित विधेयकमा व्यवस्था गरेको प्रावधानले प्राकृतिक प्रकोप, दुर्घटना जस्ता सूचना सम्प्रेषणलाई समेत अपराधीकरण गर्न सक्ने देखिन्छ । यसरी यस प्रावधानले सरकारलाई स्वेच्छाचारी र व्यक्तिपरक आधारमा व्यक्तिहरूलाई दण्डित गर्न व्यापक आधार दिने देखिन्छ ।

## अश्लील, मिथ्या वा भ्रामक सामग्री प्रकाशन तथा प्रसारण निषेध सम्बन्धी व्यवस्था

दफा २५ मा कसैले सामाजिक सञ्जालको प्रयोग गरी अश्लील शब्द, तस्बिर, सङ्केत, भिडियो, अडियो, मिथ्या वा भ्रामक सूचना प्रसार गर्न, त्यस्तो सूचनाको दुष्प्रचार वा तोडमरोड वा कमेन्ट गरी प्रसार गर्न हुँदैन भन्ने व्यवस्था गरेको छ । सो कसुर गर्नेलाई दुई वर्षसम्म कैद वा तीनलाख रुपैयाँसम्म जरिबाना वा दुवै सजाय तोकिएको छ ।

दफा २५ ले "अश्लील" सामग्रीका सबै वर्ग (अश्लील शब्द, तस्बिर, सङ्केत, भिडियो, अडियो) लाई व्यापक रूपमा प्रतिबन्ध लगाएको छ, यसले प्रतिबन्धित सामाग्रीका प्रकारहरूलाई विशिष्ट रूपमा व्याख्या गर्दैन (कस्तो सामग्री अश्लील सामग्री हुन्छ भन्ने स्पष्टता छैन) र यस्तो प्रतिबन्ध किन आवश्यक र आनुपातिक छ भनेर स्थापित गर्दैन । परिणामस्वरूप, अधिकारीहरूलाई उनीहरूलाई मन नपरेका सामाजिक सञ्जाल सञ्चारलाई "अश्लील" र गैर कानुनी ठहर गर्ने व्यापक स्वविवेकाधिकार उपलब्ध छ ।

### राष्ट्रहित प्रतिकुलको कार्यमा निषेध (दफा १८)

विधेयकको दफा १८ मा कसैले नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रिय सुरक्षा, राष्ट्रिय एकता, स्वाधीनता, स्वाभिमान वा राष्ट्र हित वा सङ्घीय इकाई बिचको सु-सम्बन्धमा प्रतिकूल असर हुने गरी वा वर्गीय, जातीय, धार्मिक, सांस्कृतिक, क्षेत्रीय, साम्प्रदायिक र यस्तै अरू कुनै आधारमा घृणा वा द्वेष उत्पन्न हुने कुनै काम गर्न वा गराउन वा विभिन्न जात, जाति वा सम्प्रदाय बिचको सु-सम्बन्धमा खलल पार्ने विषय सामाजिक सञ्जालमा प्रसार गर्न हुँदैन भन्ने व्यवस्था गरिएको छ। यस व्यवस्थामा संविधानमा गरिएको अभिव्यक्ति स्वतन्त्रताको सीमालाई नै पुनः उद्धरण गरिएको छ र त्यसमा 'स्वाभिमान' 'राष्ट्र हित' जस्ता शब्दहरू थप गरिएका छन्।

यस प्रावधानले सामाजिक सञ्जालमा के गऱ्यो भने निषेध गरिएका कार्य हुन्छन् वा हुँदैनन् भनी स्पष्ट पार्न सकेको छैन, जसले गर्दा यसमा समावेश गरिएको प्रावधानको स्वेच्छाचारी व्याख्या हुन सक्छ र नागरिक अभिव्यक्तिमाथि व्यापक नियन्त्रणको सम्भावना देखाउँछ। प्रावधानमा समेटिएका "राष्ट्रहित, स्वाभिमान, राष्ट्रिय सुरक्षा" अस्पष्ट शब्दावलीका आधारमा राज्यले आलोचनात्मक अभिव्यक्तिहरूलाई राष्ट्रघाती भनेर दण्डित गर्न सक्छ।

### सामाजिक सञ्जाल नै कानुनको व्याख्याता

विधेयकको दफा १२ मा अनुमति प्राप्त व्यक्तिले पालना गर्नुपर्ने सर्तको व्यवस्था गर्दै उपदफा (१) (ख) मा 'कानुन विपरीतका विषयवस्तु पोष्ट वा सेयर गर्न नमिल्ने गरी प्लेटफर्ममा आवश्यक प्रविधि विकास गर्ने वा आवश्यक अन्य उपाय अवलम्बन गर्नुपर्ने' भन्ने व्यवस्था गरिएको छ। यस प्रावधान अनुसार सामाजिक सञ्जालले कुनै विषय कानुनी हुन् र कुन विषय कानुन विपरीतका हुन् भनी आफै निर्क्योल गर्नेछन् र उनीहरूले कानुन विपरीत ठानेका विषयलाई पोष्ट वा सेयर गर्न नमिल्ने गरी प्लेटफर्ममा आवश्यक प्रविधि विकास गर्ने वा आवश्यक अन्य उपाय अवलम्बन गर्नेछन्। त्यसो नगरेमा उनीहरूलाई एक करोड सम्म जरिवाना हुनेछ।

यस्तो प्रावधानले सामाजिक सञ्जाललाई कानुनको व्याख्याता बनाउनेछ भने नागरिकको अभिव्यक्ति स्वतन्त्रता र सूचनाको हकमा अनावश्यक बन्देज लगाउनेछ। साथै, यस प्रावधानमा उल्लेख भएको 'आवश्यक अन्य उपाय' भनेको कस्तो हुने र त्यसको सीमा के हुने भन्ने पनि स्पष्ट छैन। यस्तो प्रावधानले सामाजिक सञ्जाल प्लेटफर्मलाई प्रयोगकर्ताको निगरानी गर्ने उपाय तथा प्रविधिहरू प्रयोग र दुरुपयोगको अवसर समेत उपलब्ध गराउँछ।

### सुझाव:

विधेयकमा व्यवस्था गरिएका माथि उल्लिखित सामाजिक सञ्जालमा प्रकाशन वा प्रसारण गर्नमा निषेध लगाइएका सामग्रीका सूचिहरूले सामाजिक सञ्जाल प्रयोगकर्ता, सामाजिक सञ्जाल प्लेटफर्मका साथसाथै सरकारी अधिकारीहरूलाई पनि अनलाइनमा कुन सामग्रीलाई अनुमति छ वा छैन भन्ने कुरा पर्याप्त रूपमा जानकारी दिन सक्दैनन्। जब अधिकारीहरूलाई अभिव्यक्तिको वैधताबारे निर्णय गर्न व्यापक स्वविवेकाधिकार दिइन्छ, त्यस्तो अधिकारले अभिव्यक्ति स्वतन्त्रतामा गम्भीर खतरा उत्पन्न गर्दछ र त्यसमा पनि विशेष गरी सरकारी अधिकारीहरूको आलोचनाको अवस्थामा त्यस्तो जोखिम ज्यादा हुन्छ। यो विधेयक कानुन बनी लागू भएमा वैध अभिव्यक्तिमा प्रतिबन्धको सम्भावना बढ्न सक्छ।

यी प्रतिबन्धहरूले ल्याउने जोखिममा सामाजिक सञ्जाल प्रयोगकर्ताहरूले उल्लङ्घनका लागि भोग्नुपर्ने कडा दण्डको कारण थप वृद्धि हुन्छ। परिच्छेद ५ अन्तर्गत सामाजिक सञ्जाल प्रयोगकर्तालाई कैद सजाय पनि हुन सक्छ जुन अपराध अनुसार समानुपातिक छैन। तसर्थ, माथि उल्लिखित निषेधित सामाजिक सञ्जाल सामग्रीका सूचिहरूलाई विधेयकबाट हटाइनु पर्छ वा नियमन गरिनुपर्ने अत्यन्त आवश्यक विषयहरूलाई थप स्पष्ट रूपमा परिभाषित गरिनुपर्छ।

## २. सामाजिक सञ्जाल प्लेटफर्म सम्बन्धी व्यवस्था

### सामाजिक सञ्जालको परिभाषा

विधेयक दफा ३ ले सामाजिक सञ्जाल प्लेटफर्म सञ्चालन गर्न चाहने व्यक्ति, कम्पनी वा संस्थाले यस ऐन बमोजिम अनुमतिपत्र लिनुपर्नेछ भन्ने व्यवस्था गरेको छ। साथै विधेयकले "प्लेटफर्म" भन्नाले इन्टरनेट प्रयोगकर्ता व्यक्ति-व्यक्ति, व्यक्ति र समूह वा संस्था तथा समूह वा संस्थाका बीच विचार वा जानकारी आदान प्रदान गर्न वा सामाजिक अन्तरक्रिया गर्न सकिने गरी विद्युतीय प्रविधिको माध्यमद्वारा साइबर स्पेसमा सिर्जना गरिएको एप, वेबसाइट, ब्लग, एआइ टुल्स वा यस्तै प्रकृतिका सार्वजनिक रुपमा उपलब्ध सामाजिक सञ्जाल प्लेटफर्म सम्झनु पर्छ" भनी परिभाषित गरेको छ। (दफा २ (घ))

त्यस्तै यस विधेयकले "सामाजिक सञ्जाल" लाई कम्प्युटर, कम्प्युटर नेटवर्क, इन्टरनेट लगायतका विद्युतीय प्रविधि र उपकरणको माध्यमबाट उपलब्ध गराएको सुविधा तथा प्रक्रिया बमोजिम कुनै व्यक्ति, समूह वा संस्थाबिच एक अर्कासँग अन्तरक्रियात्मक सञ्चार गर्ने वा विषयवस्तु (कन्टेन्ट) प्रसार गर्न सक्ने प्रणाली भनी परिभाषित गरेको छ।

विधेयकमा भएको "सामाजिक सञ्जाल प्लेटफम" र "सामाजिक सञ्जाल" को परिभाषा हेर्दा टिप्पणी सेक्सनसहितको कुनै पनि वेबसाइट, उदाहरणका लागि www.hamrobazaar.com पनि सामाजिक सञ्जाल अन्तर्गत पर्न सक्छ । यहाँसम्म कि व्यक्तिगत सन्देश आदान प्रदान गर्न साथीभाइ मिलेर सिर्जना गरिएको WhatsApp समूहलाई पनि "सामाजिक सञ्जाल प्लेटफर्म" मान्न सकिन्छ । त्यस्तै व्यक्तिगत धारणा, लेख आदि प्रकाशन गर्न बनाइएको ब्लग समेतलाई प्लेटफर्मको रूपमा राखेको छ । यस व्यवस्था अनुसार प्रत्येक प्लेटफर्मले अनिवार्य रूपमा अनुमति लिनुपर्ने व्यवस्थाले विभिन्न चुनौतीहरू ल्याउन सक्छ ।

- अनिवार्य अनुमति प्रणालीले साना प्लेटफर्महरू र नव प्रवर्तनशील प्रविधिहरूलाई ठुलो व्यावसायिक अवरोध पुऱ्याउन सक्छ ।
- नयाँ प्रविधिहरूको विकास र परीक्षणमा अनावश्यक प्रशासनिक झमेला आउन सक्छ, जसले डिजिटल नवप्रवर्तनलाई रोक्न सक्छ ।
- यदि यो कानुन यही स्वरूपमा पारित भएमा दर्ता नभएका लाखौं साना ठुला अनलाइन सेवाहरूलाई गैर कानुनी घोषणा गर्दै बन्द गर्नुपर्ने हुन्छ । यसबाट नेपालमा इन्टरनेट सेन्सरसिपको अवस्था सिर्जना हुन जान्छ ।
- नेपाललाई डिजिटल हबका रूपमा विकसित गर्ने, सूचना प्रविधिको क्षेत्रमा प्रत्यक्ष वैदेशिक लगानी आकर्षित गर्ने, विश्व सूचना प्रविधि मानचित्रमा नेपाललाई उभ्याउने भन्ने राष्ट्रिय आकाङ्क्षामा नेपालले यस कानुनका माध्यमबाट सिर्जना गर्न लागेको नियमन ढाँचाले अनपेक्षित नकारात्मक प्रभाव पार्नेछ ।

## सुझाव:

दफा २ मा भएको "सामाजिक सञ्जाल प्लेटफर्म" र "सामाजिक सञ्जाल" को परिभाषालाई साघुरो र सीमित बनाउँदै यसमा ठुला सामाजिक सञ्जाल र सामाजिक सञ्जाल साइटहरू, उदाहरणका लागि फेसबुक, इन्स्टाग्राम, एक्स (ट्विटर), र युट्युब जस्ता प्रयोगकर्ताको सङ्ख्या ज्यादा भएका साइटहरू मात्र समेट्नु उपयुक्त हुन्छ । यस्तो व्यवस्थाले सामाजिक आवश्यकता र नियमनका बिचमा सन्तुलन कायम गर्न सहयोग गर्छ । युरोपेली युनियनले अवलम्बन गरेको तरिका नेपालको लागी पनि उपयुक्त हुनसक्छ, जसअनुसार उल्लेखनीय सङ्ख्यामा प्रयोगकर्ता भएका सामाजिक सञ्जाल प्लेटफर्महरू (उदाहरणका लागि जनसङ्ख्याको १०%) मात्र दर्ता हुन र "सामाजिक सञ्जाल प्लेटफर्म" ले पालना गर्नुपर्ने सर्तहरू पालना गर्नुपर्ने व्यवस्था गर्नु उपयुक्त हुन्छ ।

### सामाजिक सञ्जालबाट सामग्री हटाउने व्यवस्था

विधेयकको दफा १३ (१) (२) (३) ले ऐन वा प्रचलित कानुन विपरीतका विषयवस्तु सामाजिक सञ्जाल प्लेटफर्मबाट प्रसार भएको भन्ने जानकारी, गुनासो वा उजुरी प्राप्त भएमा विभागले जाँचबुझ गरी, विभागबाट हटाउन निर्देशन प्राप्त व्यक्ति वा सम्पर्क विन्दुले त्यस्तो विषयवस्तु हटाउनु पर्नेछ भन्ने व्यवस्था गरेको छ ।

विभागले सामग्री हटाउने निर्देशन पालना नगर्ने सामाजिक सञ्जाल सञ्चालकलाई प्रत्येक पटक ५ लाख देखि १५ लाख रुपैयाँसम्म जरिवाना गर्न सक्छ (दफा १३(४)) भन्ने व्यवस्था गरिएको छ ।

यस व्यवस्था अनुसार जोसुकै व्यक्तिले पनि सामग्री हटाउन गुनासो/उजुरी गर्न सक्ने हुनाले कुनै खास चासो वा सम्बन्ध नै नरहेका व्यक्तिहरूले तथाकथित रूपमा गैर कानुनी सामग्री भन्दै गुनासो/उजुरी गर्न सक्छन् र त्यसबाट ठुलो मात्रामा आधारहीन उजुरीहरू आउन सक्छन् । साथै कसैलाई सताउने वा राजनीतिक कारणले वा बदला लिने उद्देश्यले उजुरी गर्न सक्ने जोखिम रहन्छ ।

सामग्री हटाउनुपर्ने सूचना आए पछि नहटाएमा प्लेटफर्मले कानुनी दायित्व बहन गर्नुपर्ने र सामग्री प्रकाशकलाई उपचारको पर्याप्त व्यवस्था नभएकाले सामाजिक सञ्जाल प्लेटफर्महरूले सामग्री हटाउने सूचना प्राप्त गरेपछि जुनै पनि सामग्रीलाई हटाउने हुन्छन् । सामाजिक सञ्जाल प्लेटफर्मबाट कुनै सामग्री हटाउने वा निश्चित सामग्रीमा पहुँच रोक्ने आदेश अदालत वा अन्य सक्षम तथा स्वतन्त्र निकायद्वारा मात्र जारी गरिनु पर्छ । साथै, कथित आपत्तिजनक वा निषेधित सामग्रीका उत्पादकहरूलाई स्वतन्त्र, निष्पक्ष अदालत वा न्यायिक निकायसमक्ष सामग्री हटाउने आदेश विरुद्ध चुनौती दिने अवसर प्रदान गरिनु पर्छ ।

## सुझाव:

प्रस्तावित प्रावधानहरू हटाउने, र सामग्री हटाउनु अघि अदालत वा अन्य सक्षम तथा स्वतन्त्र निकायको आदेश आवश्यक पर्ने व्यवस्था गरिनु पर्छ ।



### सामाजिक सञ्जाल प्लेटफर्म सञ्चालकले पालना गर्नु पर्ने सर्तसम्बन्धी व्यवस्था

दफा १२ ले सामाजिक सञ्जाल प्लेटफर्म सञ्चालकले पालना गर्नु पर्ने सर्त बारे व्यवस्था गरेको छ, जसअन्तर्गतः

- नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रिय सुरक्षा, राष्ट्रिय एकता, स्वाधीनता, स्वाभिमान वा राष्ट्रिय हितमा खलल पुग्ने वा सामाजिक, सांस्कृतिक तथा धार्मिक सद्भाव भड्काउने विषयवस्तु प्लेटफर्ममा प्रसार नगर्ने (दफा १२ (१) (क))

- प्रचलित कानुन विपरीतका विषयवस्तुको पोष्ट वा सेयर गर्न नमिल्ने गरी प्लेटफर्ममा आवश्यक प्रविधि विकास गर्ने वा आवश्यक अन्य उपाय अवलम्बन गर्ने (दफा १२(१)(ख))

- सामाजिक सञ्जाल प्लेटफर्ममा प्रकाशन वा प्रसारण भएका सामग्रीको तथ्यको जाँच गर्ने (दफा १२(१)(छ)) व्यवस्था रहेको छ ।

यस व्यवस्था अनुसार सामाजिक सञ्जाल प्लेटफर्महरूले कुन सामग्री नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रिय सुरक्षा, राष्ट्रिय एकता, स्वाधीनता, स्वाभिमान वा राष्ट्रिय हितमा खलल पुग्ने वा सामाजिक, सांस्कृतिक तथा धार्मिक सद्भाव भड्काउने सामग्री हो भनेर आफै पत्ता लगाउनु पर्ने हुन्छ र त्यसको प्रसार रोक्नु पर्ने हुन्छ वा सरकारी अधिकारी वा विभागले जुन सामग्री माथि तोकिएका सामग्री हुन् भन्नेछन्, ती सामग्रीको प्रसार रोक्नुपर्ने हुन्छ । उल्लिखित प्रावधान अनुसार सामाजिक सञ्जाल प्लेटफर्महरूले त्यस्ता सामग्री हटाउनु पर्ने मात्र होइन, अवैध सामग्री सक्रिय रूपमा हटाउने प्रणाली र नीति तयार गरी लागु गर्नु पर्ने हुन्छ । यस्तो व्यवस्थाले व्यापक सेन्सरसीपको अवसर सिर्जना गर्दछ, किनकि सामाजिक सञ्जाल प्लेटफर्महरूले कानुनी जोखिमबाट बच्न वैध सामग्री समेत व्यापक रूपमा हटाउनेछन् । यसले सूचनाको स्वतन्त्र प्रवाह र अनलाइन अभिव्यक्ति स्वतन्त्रतामा बन्देज लगाउनेछ ।

सामाजिक सञ्जालमा प्रकाशन, प्रसारण भएका सामग्रीले विद्यमान कानुन उल्लङ्घन गरेको छ वा छैन भन्ने मूल्याङ्कन गर्ने, वा त्यस्तो कार्यका लागि प्रविधि विकास वा "अन्य उपायहरू" तयार गर्नु सामाजिक सञ्जाल प्लेटफर्महरूको भूमिका होइन । यसका साथै, लाखौं, करोडौं प्रयोगकर्ता भएका प्लेटफर्महरूले सञ्जालमा पोष्ट भएका प्रत्येक सामग्रीको "तथ्य जाँच" गर्नु लगभग असम्भव छ । साथै यस दफाले "तथ्य" के हो भन्ने कुरा कसले निर्धारण गर्दछ, र सामाजिक सञ्जाल प्लेटफर्मले कुन मापदण्डका आधारमा तथ्य निर्धारण गर्ने हो स्पष्ट छैन । यस सन्दर्भमा गत महिना मात्र फेसबुक सञ्चालन गर्ने कम्पनी मेटाले आफ्नो नीतिमा परिवर्तन गर्दै आफ्नो प्लेटफर्ममा प्रकाशन भएका सामग्रीको तथ्यजाँच नगर्ने जनाएको तथ्य तर्फ पनि ध्यान दिनुपर्ने हुन्छ ।

### सुझावः

संवैधानिक रूपमा सुनिश्चित गरिएको संविधानको धारा १७, १९ र २७ अन्तर्गतका मौलिक हक सुनिश्चित गर्नका लागि दफा १२(१) को (क) (ख) र (छ) हटाइनु पर्छ ।

## (३) वैयक्तिक गोपनीयतामा प्रत्यक्ष असर पर्ने सम्बन्धी व्यवस्था

यस दर्ता विधेयकको दफा १२(१) (ज) मा अनुमति प्राप्त सामाजिक सञ्जालले पालना गर्नु पर्ने सर्तमा सामाजिक सञ्जालमा सामाजिक सञ्जाल प्रयोगकर्ताको वास्तविक परिचय खुलाएर मात्र प्लेटफर्म प्रयोग गर्न दिने भन्ने व्यवस्था गरेको छ भने दफा १२(ञ) मा प्लेटफर्महरूले प्रयोगकर्ताको विवरण सम्बन्धित निकायलाई उपलब्ध गराउनु पर्ने व्यवस्था गरेको छ । त्यसैगरी दफा १२(घ) मा प्रचलित कानूनले तोकेको अवस्थामा बाहेक सामाजिक सञ्जाल प्रयोगकर्ताको वैयक्तिक विवरणको गोपनीयता तथा बौद्धिक सम्पत्ति सम्बन्धी अधिकारको प्रत्याभूति गर्ने भन्ने व्यवस्था गरेको छ ।

यी प्रावधानहरूले सामाजिक सञ्जाल प्रयोगकर्ताको वैयक्तिक गोपनीयतामा गम्भीर असर पर्ने देखिन्छ । पहिलो, यो विधेयक पारित भए पछि नेपालमा अनुमति प्राप्त सामाजिक सञ्जाल चलाउनलाई आफ्नो वास्तविक परिचय खुलाउनु पर्ने हुन्छ, साथै प्लेटफर्महरूले वास्तविक परिचय कसरी प्रमाणित गर्ने भन्ने प्रस्ट प्रावधान समेत नरहेको अवस्थामा नेपाल सरकारबाट जारी भएका परिचय पत्र जस्तै नागरिकता, राष्ट्रिय परिचय पत्र आदि नै सामाजिक सञ्जाल प्लेटफर्म वास्तविक परिचय प्रमाणित गर्ने प्रयोग गर्ने देखिन्छ । यसो भएमा नेपाली प्रयोगकर्ताहरूले प्रत्येक सामाजिक सञ्जाललाई ती कागजात उपलब्ध गराउनुपर्ने हुन्छ । यदि कुनै नागरिकले २० वटा सामाजिक सञ्जाल प्रयोग गरिरहेको छ भने फरक फरक मुलुकमा रहेका ती २० वटा सामाजिक सञ्जाल प्लेटफर्ममा प्रयोगकर्ताहरुले आफ्नो कागजात दिनुपर्ने अवस्था आउँछ । सरकारले प्लेटफर्मलाई यिनै दस्ताबेजका आधारमा वास्तविक परिचय खुलाइ सामाजिक सञ्जाल प्रयोग गर्न दिनु भन्न खोजेको हो भने यो निकै नै गम्भिर विषय हो । यसबाट नागरिकको वैयक्तिक विवरणको गोपनीयता र तथ्यांक संरक्षणमा गम्भिर असर पर्नेछ । यदि नागरिकको संवेदनशिल वैयक्तिक जानकारीहरूको दुरूपयोग भएमा त्यसबाट साइबर आक्रमण लगायतका घटनाहरूमा समेत वृद्धि हुन्छ र यसले देशकै सुरक्षामा समेत असर पुर्याउन सक्छ ।

दोस्रो, दफा १२(१)(ज) अनुसार प्लेटफर्महरूले प्रयोगकर्ताको विवरण सम्बन्धित निकायलाई उपलब्ध गराउनु पर्ने व्यवस्थाले प्रयोगकर्ताको गोपनीयताको उल्लंघन हुन्छ । यस प्रावधानमा त्यस्तो विवरण प्राप्त गर्न न्यायिक निकायको अनुमतीसम्बन्धी कुनै व्यवस्था गरिएको छैन ।

अनुमति प्राप्त व्यक्तिले सर्त पालना नगरेको अवस्थामा २५ लाख देखि १ करोड सम्म जरिवाना तिर्नुपर्ने र अनुमतिपत्र समेत खारेज हुने सक्ने प्रावधान भएकाले प्लेटफर्महरुले यी सर्तहरू पालना गर्ने र प्रयोगकर्ताको गोपनीयता गम्भिर असर देखिने देखिन्छ ।

तेस्रो, दफा १२(१)(घ) मा गरिएको प्रचलित कानूनले तोकेको अवस्थामा बाहेक सामाजिक सञ्जाल प्रयोगकर्ताको वैयक्तिक विवरणको गोपनीयता तथा बौद्धिक सम्पत्ति सम्बन्धी अधिकारको प्रत्याभूति गर्ने भन्ने व्यवस्था झनै समस्याजनक छ । सरकारले सामाजिक सञ्जाल प्लेटफर्महरूलाई 'कानुनले तोके बमोजिमको प्रयोगकर्ताको गोपनियताको अधिकार प्रत्याभूत गर्नु' भन्नु पर्नेमा अहिले राखिएको व्यवस्थाले अस्पष्टता सिर्जना गरेको छ ।

## सुझाव:

विधेयकले संविधानप्रदत्त गोपनियताको हक उल्लंघन हुने कुनै पनि प्रावधान समेट्न हुँदैन । अपराध अनुसन्धानका लागि सामाजिक सञ्जाल प्लेटफर्म कम्पनीहरूबाट निजी डाटा, मेटा डाटा लिन परेमा अदालत वा अन्य न्यायिक निकायको आदेश अनिवार्य रूपमा आवश्यक पर्ने व्यवस्था गरिनु पर्छ । साथै सामाजिक सञ्जाल प्लेटफर्महरूलाई 'कानुनले तोके बमोजिमको प्रयोगकर्ताको गोपनियताको अधिकार प्रत्याभूत गर्नु' भन्ने स्पष्ट व्यवस्था गरिनु पर्छ ।

## ४. अनलाइनमा अज्ञात रहनमा निषेधसम्बन्धी व्यवस्था

विधेयकको दफा २७(१) मा कसैले सामाजिक सञ्जालमा बेनामी वा छद्‌मभेषी (फेक आइडी, पेज, समूह) वा अरुको नामबाट पहिचान सिर्जना गर्ने, त्यस्तो बेनामी वा छद्‌मभेषी पहिचान मार्फत विषयवस्तु उत्पादन गरी पोष्ट वा सेयर गर्ने, अरूको विषयवस्तु सेयर गर्ने, कमेन्ट वा कल गर्ने कार्य गर्नु हुदैन भन्ने व्यवस्था गरिएको छ ।

त्यस्तै, दफा १२ (१) ( ज) अनुमति प्राप्त सामाजिक सञ्जालले पालना गर्नु पर्ने सर्तमा सामाजिक सञ्जालमा सामाजिक सञ्जाल प्रयोगकर्ताको वास्तविक परिचय खुलाएर मात्र प्लेटफर्म प्रयोग गर्न दिने भन्ने व्यवस्था गरेको छ ।

यी प्रावधानहरूमा समस्या छन् । पहिलो कुरा त यस कानुनले बेनामी वा छद्‌मभेषी भनेको के हो परिभाषा गरेको छैन । दोस्रो कुरा, बेनामी वा छद्‌मभेषी पहिचानमा सामाजिक संजाल चलाउनु र अरूको नामबाट पहिचान सिर्जना गर्नु (Impersonation) फरक फरक विषय हुन् । अन्य कुनै व्यक्तिको नाम, तस्बिर, टेलिफोन नम्बर, इमेल ठेगाना प्रयोग गरी उही व्यक्ति हो भन्ने भान पार्ने गरी सामाजिक सञ्जाल खाता बनाउनु (Impersonation)लाई कसुरका रूपमा समेट्नै पर्छ । तर तथाकथित बेनामी वा छद्‌मभेषी पहिचान भनेको भिन्न विषय हो ।

विधेयकले बेनामी वा छद्‌मभेषी पहिचानका आइडी, पेज, समूहलाई पनि फेक आइडी, पेज, ग्रुपको रूपमा परिभाषित गरेको छ । यसले वैध उद्देश्यका साथ खोलिएका खाताहरू जस्तै whistleblower खाताहरू, कसैको समर्थनका लागि खुलेका पेजहरू, वा संवेदनशील मुद्दाहरूमा छलफल गर्नका लागि खोलिएका फोरमहरू एवं मनोरञ्जनको उद्देश्यले खोलिएका ट्रोल पेज, फ्यान पेज लगायतका आइडी, पेज, ग्रुपहरू समेतमा बन्देज लाग्दछ ।

अज्ञात रहन पाउने अधिकार (Right to Anonymity) अभिव्यक्ति स्वतन्त्रताको एक महत्त्वपूर्ण पाटो हो । संयूक्त राष्ट्र सङ्घका अभिव्यक्ति स्वतन्त्रतासम्बन्धी विशेष समाधिक्षक (UN Special Rapporteur on Freedom of Opinion and Expression) ले सन् २०१५ मा यस सम्बन्धमा संयुक्त राष्ट्र सङ्घको मानव अधिकार समितिमा एक प्रतिवेदनसमेत पेस गरेका छन् । यस सम्बन्धमा विधेयकले परिभाषा खण्डमा नै "सामाजिक सञ्जालको प्रयोग" गर्दा "व्यक्ति, समूह वा संस्थागत पहिचान हुने गरी" गर्नुपर्ने व्यवस्था गरेको छ भने दफा २७ मा बेनामी वा छद्‌मभेषी पहिचान मार्फत सामाजिक संजाल चलाउन नहुने व्यवस्था गरेको छ ।

कानुन उल्लङ्घन नहुँदासम्म राज्यले आफ्ना नागरिक एवं सामाजिक सञ्जाल प्रयोगकर्ताहरूलाई सामान्य रूपमा सामाजिक सञ्जाल चलाउन दिनुपर्छ । यदि कुनै नागरिकले कानुन विपरीत काम गरेमा सामाजिक सञ्जालमा पहिचान नखुलेकै कारण त्यस्तो व्यक्तिमाथि कारबाही गर्न कुनै बन्देज हुँदैन । आज पनि इन्टरनेट प्रोटोकल एड्रेस (आईपी एड्रेस) पहिचान गर्नेदेखि अनुसन्धानका अन्य उपाय गरेर संलग्न व्यक्तिको पहिचान गर्ने र उसलाई जिम्मेवार बनाउने काम त भई नै रहेको छ, भोली पनि गर्न सकिन्छ ।

## सुझाव:

दफा १२(१) (ज) र २७(१) मा परिमार्जन हुन जरुरी छ ।

## ५. कसुर दण्ड सजाय सम्बन्धी व्यवस्था

यस विधेयकले निर्धारण गरेको जरिवाना र कैद सजाय असमानुपातिक रहेको छ। दफा १६ (१) ले सामाजिक सञ्जाल प्रयोगकर्ताहरूले पालना गर्नु पर्ने सर्त विपरीत गलत मनसायले सामाजिक सञ्जालमा पोष्ट, सेयर, लाइक, रिपोष्ट, लाइभ स्ट्रिमिङ, सब्सक्राइब, कमेन्ट, ट्याग, ह्यासट्याग वा मेन्सन गर्ने प्रयोगकर्तालाई दफा १६ को (३) ले विभागले पाँच लाख रुपैयाँ सम्म जरिबाना गर्न सक्ने व्यवस्था गरेको छ। विभाग एक नियामक निकाय भएकाले यसले सामाजिक सञ्जाललाई नियमन गर्न पाउँछ। तर प्रयोगकर्तालाई सजाय गर्नका लागि कसुर भएको स्थापित हुनुपर्छ। कसुर स्थापित गर्ने कार्य सक्षम न्यायिक निकाय वा अदालतको हो, कार्यपालिकिय निकायको होइन। तसर्थ विभागको क्षेत्राधिकारबाट प्रयोगकर्तालाई दण्ड सजाय गर्ने अधिकार हटाइनु पर्दछ।

यसका साथै विधेयकको दफा दफामा व्यवस्था गरिएका दण्ड सजायहरू गैरसमानुपातिक छन्। गाली बेइज्जतीलाई फौजदारी कसुरका रूपमा भन्दा पनि देवानी कसुरका रूपमा राख्दै क्षतिपुर्तीमा जोड दिने व्यवस्था गरिनु पर्दछ।

अन्य व्यक्तिको पहिचान चोरी (Impersonation) लाई छुट्टै कसुरका रूपमा व्यवस्था गरिनु पर्दछ।

फिसिङ्ग सामाजिक सञ्जाल कसुर भन्दा पनि साइवर कसुर भएकाले फिसिङ्गलाई यो कानूनमा भन्दा पनि सरकार मस्यौदा गर्दैगरेको साइवरसुरक्षा सम्बन्धी कानुनमा समेट्नु उपयुक्त हुन्छ।

## ६. सरकारवादी मुद्दा हुने व्यवस्था

यस प्रस्तावित विधेयकको दफा ३२ ले यस विधेयकको परिच्छेद-६ बमोजिमको कसुर हुने मुद्दा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची-१ मा समावेश भएको मानिने व्यवस्था गरेको छ।

कुनै पनि मुद्दा सरकारवादी हो कि व्यक्तिवादी हो त्यसले न्याय सम्पादनमा निकै महत्त्व राख्छ। मुद्दाको उजुरी कहाँ गर्ने देखि मुद्दाको पक्ष को को हुने, मुद्दाको कार्यविधि के हुने सबै कुराको मुद्दा व्यक्तिवादी हो या सरकारवादी हो भन्ने विषयले निर्धारण गर्छ। यस विधेयकको दफा ३२ ले यस विधेयक अन्तर्गतका सबै कसुरलाई अनुसूचि-१ अनुसारको मुद्दा हुने भनेको छ। व्यक्ति आफै सक्रिय भएर मुद्दा लिएर जानु पर्ने मुद्दाहरूलाई पनि सरकारवादी बनाउँदा सरकारलाई (प्रहरी, सरकारी वकिल र अदालत) लाई भार बढी हुनुका साथै राज्यको दायित्व र समयको पनि सही उपयोग नहुने हुन्छ। सबै कसुरलाई मुलुकी अपराध संहिताको अनुसूचि- १ अन्तर्गतको सरकारवादी मुद्दा बनाउन नपर्ने भएकाले कसुरको प्रकृति अनुसार देवानी, व्यक्तिवादि फौजदारी वा सरकारी फौजदारी मुद्दामा वर्गीकरण गरिनु पर्ने देखिन्छ।

### सुझावः

दफा ३२ मा कसुरको प्रकृति अनुसार व्यक्तिवादी फौजदारी वा सरकारी फौजदारी मुद्दामा वर्गीकरण गरिनु उपयुक्त हुन्छ।

## ७. अनलाइन क्रियाकलाप सम्बन्धी दोहोरो व्यवस्था

यस विधेयकले अनलाइनमा गरिने क्रियाकलाप सम्बन्धी दोहोरो व्यवस्था र दोहोरो अपराधीकरण गरेको छ। यस विधेयकको परिच्छेद ४ र परिच्छेद ५ ले निषेध गरेको कतिपय कार्यहरू एउटै प्रकृतिको भएता पनि विभिन्न दफाहरूमा फरक व्यवस्था गरेको छ। जस्तै मिथ्या वा भ्रामक विषयवस्तु प्रसार गर्न नहुने भनी सर्त यसै विधेयकको दफा १६ अन्तर्गत राखिएको छ, जसमा मिथ्या वा भ्रामक सूचना सम्प्रेषण गरेको विभागले ५ लाख सम्म जरिवाना लगाउन सकिने छ भन्ने व्यवस्था गरेको छ भने दफा २५ मा पनि मिथ्या वा भ्रामक सूचना प्रसार गर्न, त्यस्तो सुचनाको दुष्प्रचार वा तोडमरोड वा कमेन्ट गरी प्रसार गर्न निषेध गरेको छ र त्यस्तो कसूर गर्ने व्यक्तिलाई दुई वर्षसम्म कैद सजाय वा तीनलाख रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ व्यवस्था गरेको छ। एउटै विधेयकमा एउटै कार्यमा दुई दफामा फरक सजाय जरिबानाको व्यवस्था र दुई फरक निकायलाई क्षेत्राधिकार प्रदान गरेको छ।

त्यस्तै दफा १० (घ) ले "प्लेटफर्ममा पोष्ट वा सेयर भएका विषयवस्तु यस ऐन वा प्रचलित कानुन विपरीत भएको पाइएमा त्यस्तो विषयवस्तुको प्रकृति, असर र प्रभाव हेरी आवश्यक कारबाही गर्न सम्बन्धित निकायमा पठाउने" भन्ने व्यवस्था गरेको छ भने दफा १२ (२), दफा १३ (४), र दफा १६(३) ले विभागले नै कारबाही गर्ने व्यवस्था गरेको छ। यसरी दुई फरक र बाझिने व्यवस्था गरेको अवस्थामा कुन विभागले आफैं कारबाहि गर्ने हो कुन अवस्थामा कारबाही गर्न सम्बन्धित निकायलाई लेखि पठाउने हो भन्ने पनि प्रष्ट उल्लेख गरेको छैन। यस्तो अप्रस्ट कानुनी व्यवस्थाले कानुनको प्रभावकारी कार्यान्वयनमा समस्या ल्याउनेछ।

### सुझावः

कसुर तथा सजाय परिच्छेदमा रहेको कार्यलाई कारबाही गर्ने विभागको क्षेत्राधिकारबाट हटाउने।

## ८. विभागलाई कानुन व्याख्या र दण्डको अधिकार, एक आपसमा बाझिने प्रावधान

प्रस्तावित विधेयकले दफा १० मा संस्थागत व्यवस्था अन्तर्गत विभागको काम, कर्तव्य अधिकार उल्लेख गरेको छ । यस अन्तर्गत विभागले नियमित रूपमा सामाजिक सञ्जालको अनुगमन गर्ने र त्यसरी अनुगमन गर्दा यस ऐन वा प्रचलित कानुन बमोजिम प्रसार गर्न उपयुक्त नदेखिएका विषयवस्तु हटाउन सम्बन्धित प्लेटफर्मलाई निर्देशन दिने अधिकार दिइएको छ (बुदा ख र ग) । यसरी कार्यपालिका अन्तर्गतको कुनै निकायलाई सामाजिक सञ्जालमा प्रसारण भएका विषयवस्तु कानुन अनुरूपका हुन वा होइनन् भनी व्याख्या गर्ने न्यायिक अधिकार दिइनु उपयुक्त हुँदैन। यसो भएमा सरकारको एक अङ्गको रूपमा रहेको विभागले सरकारको आलोचना गर्ने, वा सरकारी कर्मचारी वा अधिकारीहरू, सरकारमा रहेका दलहरूका क्रियाकलापका बारेमा प्रश्न उठाउने आम सर्वसाधारण वा मिडियाका अनलाइन सामग्रीहरूलाई कानुन विपरीतका सामग्री भन्दै प्लेटफर्मबाट हटाउन निर्देशन दिन सक्छन् । यो अधिकारको दुरुपयोग हुने अत्यधिक सम्भावना छ । त्यसै गरी कार्यपालिका अन्तर्गतको निकाय कानुनको व्याख्याता हुन सक्दैन । यसरी सामग्री हटाउनु पूर्व सामग्री जसको हो उसलाई सोध्ने, प्रतिक्रिया लिने वा सचेत गराउने लगायतका कुनै पनि व्यवस्था समेत गरिएको छैन ।

## ९. सम्बद्ध निकाय सम्बन्धी व्यवस्था

यस विधेयकले दफा ११ मा सम्बद्ध निकाय सम्बन्धी व्यवस्था गरीएको छ, जस अन्तर्गत नेपाल प्रहरी, नेपाल दूरसञ्चार प्राधिकरण, प्रेस काउन्सिल, सूचना तथा प्रसारण विभाग, विज्ञापन बोर्ड र नेपाल सरकारले राजपत्रमा सूचना प्रकाशन गरी तोकेको अन्य निकायलाई राखिएको छ । यि निकायहरू विशेषिकृत निकाय हुन् र यिनिहरूको काम कर्तव्य अधिकार यि निकाय स्थापित गर्ने कानूनमा नै तोकिएका छन् । विधेयकमा उल्लिखित यि सम्बद्ध निकायका जिम्मेवारी र दायित्वहरू सामान्य प्रकृतीका छन् । तसर्थ नयाँ र विशेष व्यवस्था नभएकाले र यि विशेषिकृत निकायले विभागको निर्देशन पालना गर्नुपर्ने भन्ने व्यवस्था अनुपयुक्त भएकाले सम्बद्द निकाय सम्बन्धी व्यवस्था अनावश्यक रहेको छ ।

### सुझाव:

दफा ११ हटाइनु पर्छ ।

## अन्तर्राष्ट्रिय कानुनी व्यवस्था

नेपालले अनुमोदन गरेको नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि (आईसीसीपीआर)को अभिव्यक्ति स्वतन्त्रता सम्बन्धिको धारा १९ मा पक्ष राष्ट्रहरूले भौगोलिक सीमाको बन्देज विना अभिव्यक्ति स्वतन्त्रताको अधिकारका साथै विभिन्न प्रकारका सूचना तथा विचारहरू प्राप्त गर्ने र प्रवाह गर्ने अधिकार प्रत्याभूत गर्नुपर्ने प्रावधान रहेको छ । संयुक्त राष्ट्र मानव अधिकार समितिका अनुसार, "वेबसाइटहरू, ब्लगहरू, वा इन्टरनेटमा आधारित कुनै अन्य इलेक्ट्रोनिक वा अन्य त्यस्ता सूचना प्रसारण प्रणालीहरूको सञ्चालनमा कुनै पनि प्रतिबन्धहरू" लगाउादा महासन्धिको धारा १९ अन्तर्गत मात्र गरिनुपर्छ ।

यस विधेयकमा प्रस्ताव गरिएका कतिपय प्रावधानहरू संविधानले तोकेको सीमा तथा नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि (ICCPR) मा उल्लेख भएका अभिव्यक्तिको स्वतन्त्रताको वैध सीमासम्बन्धी प्रावधानभन्दा बाहिर गई विचार तथा अभिव्यक्ति स्वतन्त्रतामा अनावश्यक बन्देज लगाउन सक्ने किसिमका रहेका छन् । साथै कानुन कार्यान्वयनका लागि जिम्मा दिइएको विभागलाई सामाजिक सञ्जालका सामग्री हटाउन आदेश दिने अधिकार दिँदा (दफा १३) अभिव्यक्ति स्वतन्त्रतामा अनावश्यक बन्देज लाग्न सक्ने देखिन्छ ।



## निष्कर्ष तथा सुझावहरु

सामाजिक सञ्जालको सञ्चालन, प्रयोग तथा नियमन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०८१ मा प्रस्ताव गरिएका धेरै प्रावधानहरू नेपालको संविधान तथा अन्तर्राष्ट्रिय कानुनद्वारा प्रदत्त वैयक्तिक स्वतन्त्रता तथा अधिकारमा प्रत्यक्ष तथा परोक्ष रूपमा प्रभाव पार्ने रहेको देखिन्छ । साथै यस मस्यौदा विधेयकले वैयक्तिक स्वतन्त्रताको सर्वमान्य सिद्धान्त, फौजदारी कानुनको सामान्य सिद्धान्त, अन्तर्राष्ट्रिय कानुन आदिको उपेक्षा गर्दै सामाजिक सञ्जालको निर्बाध प्रयोगको अधिकारलाई बाधा पुऱ्याउने देखिन्छ । विधेयकले डिजिटल अधिकार तथा मानव अधिकारमाथि गम्भीर असर पार्न सक्छ ।

### प्रमुख समस्या:

- अभिव्यक्ति स्वतन्त्रता, संगठित हुने अधिकार, सञ्चारको हक, सुचनाको हक र गोपनियताको हकमा अनावश्यक बन्देज ।
- स्वतन्त्र प्रेस तथा नागरिक समाज स्वतन्त्रतामा प्रभाव ।
- सरकारलाई सामाजिक सञ्जालमाथि व्यापक नियन्त्रण दिने व्यवस्था ।
- अस्पष्ट परिभाषाका कारण कानुनी दुरुपयोगको सम्भावना ।
- उच्च जरिवाना तथा कैद सजायले डिजिटल नागरिक स्वतन्त्रता सङ्कुचित पार्ने सम्भावना ।

### सुझाव:

- **स्पष्ट परिभाषा आवश्यक:** यस विधेयकले विभिन्न परिभाषा समेटेको छ, तर "सामाजिक सञ्जाल," "प्लेटफर्म," "हेट स्पीच" जस्ता शब्दहरूको अर्थ अस्पष्ट र अत्यधिक व्यापक छ । साथै, "सताउने," "तर्साउने," "धम्क्याउने," "लज्जित गराउने," "अपमान गर्ने," "मानमर्दन गर्ने," "मिथ्या तथा भ्रामक सूचना," "बीभत्स तस्बिर वा अडियो वा भिडियो" जस्ता शब्दहरूको स्पष्ट र ठोस परिभाषा आवश्यक छ । कानुनी परिभाषाहरू अस्पष्ट हुँदा नागरिकको अधिकार उल्लङ्घन हुन सक्छ, त्यसैले विधेयकमा यिनलाई स्पष्ट र सटीक रूपमा परिभाषित गरिनु पर्छ ।

- **मानव अधिकार र संविधान प्रदत्त मौलिक हक अनुकूल संशोधन:** विधेयकले तोकेको सर्त, विभागको अधिकार, कसुर, र सजायका व्यवस्था अन्तर्राष्ट्रिय मानव अधिकार मापदण्ड र संविधान प्रदत्त मौलिक हक विपरीत देखिन्छन् । त्यसैले विधेयकलाई अन्तर्राष्ट्रिय मानव अधिकार मापदण्ड र संवैधानिक प्रत्याभूती अनुरूप संशोधन गरेपछि मात्र कानुनका रूपमा लागू गरिनु पर्छ ।

- **स्वतन्त्र नियामक निकाय:** विधेयकले सामाजिक सञ्जाल र डिजिटल प्लेटफर्महरूको नियमन नेपाल सरकारको सूचना प्रविधि सम्बन्धी विभागलाई दिने व्यवस्था गरेको छ, जुन सञ्चार तथा सूचना प्रविधि मन्त्रालयअन्तर्गत पर्दछ । तर, सरकार र सत्तामा रहेका व्यक्तिहरूको प्रत्यक्ष प्रभाव हुने सरकारी निकायले स्वतन्त्र रूपमा नियमन गर्न सक्दैन । यसले सरकारको प्रत्यक्ष हस्तक्षेपको जोखिम बढाउने भएकाले स्वतन्त्र नियामक निकायको गठन अपरिहार्य रहेको छ ।

- **कडा दण्ड व्यवस्थामा पुनर्विचार:** विधेयकमा तोकिएका कसुर र सजाय अत्यन्त कठोर छन् । उदाहरणका लागि, विधेयक निर्धारण गरेको सर्त विपरीतको सामग्री पोष्ट, सेयर, लाइक, रिपोष्ट, लाइभ स्ट्रिमिङ, सब्सक्राइब, कमेन्ट, ट्याग, ह्यासट्याग वा मेन्सन गरेमा देखि बेनामी वा छद्म भेषी पहिचान बनाएर सामग्री सिर्जना गरी पोष्ट वा सेयर गरेमा समेत कानुनी कारबाही हुने प्रावधान राखिएको छ । कतिपय कार्यलाई कसुर समेत मान्न नमिल्न अवस्थामा तिनका लागि प्रस्तावित सजाय अत्यन्त कडा रहेको छ । यस कारण, सुधारात्मक उपाय (सचेत गराउने) लगायत जरिवानालाई प्राथमिकता दिँदै कैद सजायलाई न्यून गर्नु उपयुक्त हुन्छ । कतिपय कसुरहरूलाई देवानी कसुर अन्तर्गत तथा दुनियावादि कसुर अन्तर्गत राखिनु पर्ने हुन्छ ।

यस विधेयकमा प्रस्ताव गरिएका विभिन्न प्रावधानहरूले नेपालमा अभिव्यक्ति स्वतन्त्रता र सूचनाको सहज पहुचमा महत्त्वपूर्ण चुनौतीहरू खडा गरेको छ । हाल संसदमा विचाराधीन यस विधेयकलाई मानव अधिकार र मौलिक हकको दृष्टिकोणबाट विश्लेषण गर्दै, अन्तर्राष्ट्रिय मापदण्ड र अभ्यास अनुरूप बनाउन आवश्यक छ । यदि यो विधेयक यही स्वरूपमा पारित भएमा यसले सम्बोधन गर्न खोजेको समस्यालाई समाधान गर्न पनि असफल हुनेछ, र अभिव्यक्ति स्वतन्त्रता उल्लङ्घन, प्रेस स्वतन्त्रताको उल्लङ्घन, सूचनाको हकको उल्लङ्घन, गोपनीयताको उल्लङ्घन, साइबर सुरक्षा चुनौती लगायतका अनेकौं नयाँ चुनौतीहरूको सिर्जना समेत गर्नेछ । डिजिटल राइट्स नेपाल यस विधेयकमा सुधार गर्ने प्रक्रियामा चासो राख्ने सरोकारवालाहरूलाई थप जानकारी उपलब्ध गराउन एवम् सहयोग र सहकार्य गर्न सदैव तत्पर छ ।



## हाम्रो बारेमा

प्रविधि अधिकार नेपाल (DRN) सन् २०२० मा स्थापित नेपालमा डिजिटल अधिकारको संरक्षण र सुरक्षित अनलाइन वातावरणको विकासमा समर्पित गैर नाफामूलक संस्था हो। नागरिक अधिकार अभियन्ताहरु तथा विशेषज्ञहरु संलग्न प्रविधि अधिकार नेपालले अनलाइन अभिव्यक्ति स्वतन्त्रता, गोपनीयता संरक्षण, सूचनामा पहुँच, र साइबर सुरक्षा प्रवर्द्धन गर्न क्षमता अभिवृद्धि पहलहरूमा संलग्न रहदै अनुसन्धान, अध्ययन तथा नीति सुधारका लागि वकालत गर्दछ । मानव अधिकार र डिजिटल अधिकार वकालतकर्ताहरुका नेतृत्वमा प्रविधि अधिकार नेपालले स्थानीय तथा अन्तर्राष्ट्रिय स्तरमा नेपालको डिजिटल परिदृश्यलाई सशक्त बनाउन महत्वपूर्ण भूमिका निभाएको छ। प्रविधि अधिकार नेपालको कामको बारेमा थप जानकारीको लागि, कृपया www.digitalrightsnepal.org मा जानुहोस् ।

Digital Rights Nepal





**Phone:** +977-9767245100

**Address:** 47 - Neel Saraswoti Marga, Gairidhara - 2, Kathmandu

**Email:** info@digitalrightsnepal.org

**Web:** www.digitalrightsnepal.org